नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/१/०७९/८०

मितिः २०७९/०४/१८

**"घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(डा.गुणाकर भट्ट)
**कार्यकारी निर्देशक**

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
३. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
६. श्री नेपाल लघुवित्त बैंकर्स संघ

## लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

| | **विद्यमान निर्देशन** | **संशोधित/थप निर्देशन** |
|---|---|---|
| १. ई.प्रा. निर्देशन नं. १५ को बुँदा नं. ६ को उप बुँदा (क) को पहिलो हरफमा संशोधन गर्ने । | थोक कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाले सहायक आवधिक ऋणपत्र (Subordinated Term Debt) जारी गर्न सक्ने सम्बन्धमा :<br>(क) सञ्चित नोक्सानी बाँकी नरहेका थोक कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाले यससम्बन्धी अन्य व्यवस्थाका अतिरिक्त निम्न शर्तहरुको अधीनमा रही आफ्नो चुक्ता पुँजीको बढीमा २५ प्रतिशत ले हुने रकमसम्म सहायक आवधिक ऋणपत्र (Subordinated Term Debt) जारी गर्न स्वीकृतिका लागि यस बैंकमा निवेदन पेश गर्न सक्नेछन् । | **लघुवित्त वित्तीय संस्थाले** सहायक आवधिक ऋणपत्र (Subordinated Term Debt) जारी गर्न सक्ने सम्बन्धमा :<br>(क) सञ्चित नोक्सानी बाँकी नरहेका **लघुवित्त वित्तीय संस्थाले** यससम्बन्धी अन्य व्यवस्थाका अतिरिक्त निम्न शर्तहरुको अधीनमा रही आफ्नो प्राथमिक पुँजीको बढीमा **शत** प्रतिशतले हुने रकमसम्म सहायक आवधिक ऋणपत्र (Subordinated Term Debt) जारी गर्न स्वीकृतिका लागि यस बैंकमा निवेदन पेश गर्न सक्नेछन् : |
| २. ई.प्रा. निर्देशन नं. १७ को बुँदा नं. ४ को उप बुँदा (ङ) को ७ मा संशोधन गर्ने । | (७) ईजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्ने गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७८ असार मसान्तभित्र एकीकृत कारोवार सञ्चालन गरेमामाथि तोकिएका सुविधाहरुका अतिरिक्त देहाय बमोजिमका थप सहुलियत प्रदान गरिने छ :<br>(अ) २०७९ असार मसान्तसम्म सञ्चालन जोखिमवापत कुल सम्पत्तिको १ प्रतिशत रकम मात्र जोखिम भारित सम्पत्ति थप गरे पुग्ने,<br>(आ) वार्षिक २० प्रतिशत भन्दा बढी लाभांस (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा २० प्रतिशत माथिको प्रस्तावित लाभांशको २५ प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नुपर्ने व्यवस्थामा २०७९ असार मसान्त सम्मको लागि छुट प्रदान गर्ने । | (७) ईजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्ने गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई **२०७९ पुस मसान्तभित्र एकीकृत कारोवार संचालन गरेमा** माथि तोकिएका सुविधाहरुका अतिरिक्त देहाय बमोजिमका थप सहुलियत प्रदान गरिने छ :<br>(अ) **एकीकृत कारोबार गरेको मितिले १ वर्षसम्म** सञ्चालन जोखिमवापत कुल सम्पत्तिको १ प्रतिशत रकम मात्र जोखिम भारित सम्पत्ति थप गरे पुग्ने,<br>(आ) वार्षिक २० प्रतिशत भन्दा बढी लाभांस (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा २० प्रतिशत माथिको प्रस्तावित लाभांशको २५ प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नुपर्ने व्यवस्थामा **२०८० असार मसान्त** सम्मको लागि छुट प्रदान गर्ने । |